जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ६७ • २०८३ साल साउन १० गते आइतबार (26 July, Sunday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-


## घुससहित डिभिजन कार्यालयका प्रमुख र अधिकृत पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सेवाग्राहीसंग घुस लिएको आरोपमा सर्लाहीस्थित भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय कर्मैयाका डिभिजन प्रमुख अनुपमा ढकाल र मेकानिकल अधिकृत तुलाकान्त चौधरीलाई पक्राउ गरेको छ ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास कार्यालयबाट खटिएको टोलीले सर्लाहीको बागमती नगरपालिका-१२ स्थित रामकाजी थापाको घरको भुइँतलामा रहेको डिभिजन प्रमुख ढकालको सरकारी निवासमा छापा मारेर दुवै जनालाई नियन्त्रणमा लिएको छ ।

आयोगले जनाए अनुसार बोरिङ तथा मोटर जडानको काम सम्पन्न गरिसकेपछि विभिन्न जल उपभोक्ता समितिहरूले भुक्तानी माग्दा कार्यालय प्रमुख ढकाल र मेकानिकल अधिकृत चौधरीले मिलेमतोमा सेवाग्राहीसँग घुस मागेको भन्ने उजुरीका आधारमा विशेष निगरानी गरिएको थियो ।

छापामार कारबाहीका क्रममा ढकाल बसेको सोफाबाट सेवाग्राहीबाट घुसस्वरूप लिइएको ७ लाख ५० हजार रुपैयाँ नगद बरामद भएको आयोगले जनाएको छ । त्यसैगरी खानतलासीका क्रममा स्रोत खुल्न नसकेको थप रु ७१ हजार ११५ नगद र तीन थान मोबाइल फोन समेत बरामद गरिएको छ ।

बरामद भएको नगदसहित कुल ८ लाख २१ हजार ११५ रकम नियन्त्रणमा लिइएको अख्तियारले जनाएको छ ।

आयोगका सूचना अधिकारी प्रकाश पोखरेलका अनुसार डिभिजन प्रमुख ढकालले मेकानिकल अधिकृत चौधरीमार्फत सेवाग्राहीसँग घुस रकम मागेको भन्ने सूचनाका आधारमा अख्तियारको टोलीले योजनाबद्ध रूपमा कारबाही अघि बढाएको थियो ।

प्रारम्भिक अनुसन्धानअनुसार सर्लाहीका विभिन्न स्थानमा बोरिङ निर्माण तथा मोटर जडानको काम सम्पन्न गरेका उपभोक्ता समिति तथा ठेकेदारहरूले भुक्तानी माग्दा कार्यालयले विभिन्न बहाना बनाएर भुक्तानी रोकेको र अन्ततः रकमको बार्गेनिङ गर्न थालेपछि पीडित पक्षले अख्तियारमा उजुरी दिएका थिए ।

उजुरीपछि अख्तियारले प्रमाण संकलन गर्दै निगरानी बढाएको थियो । सोही क्रममा घुसको रकम लेनदेन भइरहेको अवस्थामा छापा मारेर दुवै कर्मचारीलाई नियन्त्रणमा लिइएको आयोगको भनाइ छ ।

पक्राउ परेका डिभिजन प्रमुख ढकाल र मेकानिकल अधिकृत चौधरीलाई थप अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास कार्यालयमा राखिएको छ । उनीहरूमाथि भ्रष्टाचार निवारण ऐनअन्तर्गत आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको आयोगले जनाएको छ ।

### नेकपा-एमालेबीच तीनबुँदे सहमति

## संयुक्त सरकार गठन गर्ने निर्णयसँगै प्रदेश सरकार फेरबदलको सम्भावना

**टुडे समाचारदाता**

काठमाण्डु । अदालतको आदेशपछि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन भएको लामो समयपछि नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) पुनः राजनीतिक सहकार्यमा आएका छन् । दुवै दलबीच प्रदेश सरकार गठन तथा सत्ता सहकार्यसम्बन्धी तीनबुँदे सहमति भएपछि सातै प्रदेशमा नयाँ सत्ता समीकरण बन्ने सम्भावना बढेको छ ।



शनिबार सम्पन्न सहमतिपत्रमा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले हस्ताक्षर गरेका छन् । सहमतिपत्रअनुसार दुवै दलले प्रदेशसभामा सहकार्य गर्दै संयुक्त सरकार गठन गर्ने निर्णय गरेका छन् ।

पछिल्लो समय प्रदेशसभामा बजेट निर्माणसम्बन्धी देखिएको असमझदारी, बजेटविहीन अवस्था तथा अस्वस्थ राजनीतिक प्रतिस्पर्धाका कारण प्रदेश सरकारहरूको कार्यसम्पादन प्रभावित भएको निष्कर्ष निकाल्दै ती समस्या समाधानका लागि संयुक्त रूपमा अघि बढ्ने निर्णय गरिएको सहमतिपत्रमा उल्लेख छ ।

दुवै दलले राजनीतिक स्थिरता, सुशासन, आर्थिक समृद्धि तथा प्रादेशिक विकासलाई तीव्रता दिने साझा उद्देश्यका साथ प्रदेश सरकार सञ्चालनमा सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । साथै प्रदेशस्तरमा दीर्घकालीन राजनीतिक सहकार्य गर्दै विकास निर्माणका कामलाई प्रभावकारी बनाउने लक्ष्य पनि राखिएको छ ।

सहमति अनुसार कोशी, बागमती र लुम्बिनी प्रदेश सरकारको नेतृत्व एमालेले गर्नेछ भने कर्णाली र सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व नेपाली कम्युनिस्ट पार्टीले गर्नेछ । मधेश र गण्डकी प्रदेशमा भने प्रदेशसभामा प्रतिनिधित्व गर्ने अन्य राजनीतिक दलहरूसंग परामर्श गरी सरकारको नेतृत्व तथा सत्ता साझेदारीको स्वरूप तय गरिने सहमतिपत्रमा उल्लेख छ ।

यस सहमतिसंगै सातै प्रदेशमा सरकार पुनर्गठनको चर्चा शुरु भएको छ । विशेषगरी मधेश र गण्डकी प्रदेशमा नयाँ सत्ता समीकरण बन्ने सम्भावनालाई राजनीतिक वृत्तले चासोका साथ हेरिरहेको छ ।

पछिल्ला केही दिनयता नेकपाका संयोजक प्रचण्डले विभिन्न राजनीतिक दलका नेताहरूसँग भेटघाट र संवादलाई तीव्र बनाएका थिए । उनी लामो समयदेखि नेपाली कांग्रेस, एमाले र नेकपाबीच बृहत् राजनीतिक सहकार्यको पक्षमा सार्वजनिक रूपमा अभिव्यक्ति दिँदै आएका छन् । यद्यपि नेपाली कांग्रेसले तीन दलबीच औपचारिक सहकार्यको विषयमा हालसम्म कुनै निर्णय नभएको बताउँदै आएको छ ।

मधेश प्रदेशका सन्दर्भमा भने राजनीतिक गतिविधि थप तीव्र हुने संकेत देखिएको छ । एमाले र नेकपाबीच भएको सहमतिमा मधेश प्रदेशमा अन्य दलहरूसंग पनि परामर्श गरी सरकार गठनको प्रक्रिया अघि बढाउने उल्लेख भएपछि वर्तमान सत्ता समीकरण फेरिन सक्ने आकलन गरिएको छ ।

तर नेपाली कांग्रेसले भने मधेश प्रदेशमा हाल कायम रहेको तीनदलीय गठबन्धन सरकारले नै निरन्तरता पाउने दाबी गरेको छ । कांग्रेस मधेश प्रदेश संसदीय दलका मुख्य सचेतक कुवेरकान्त झाले सातै प्रदेशका मुख्यमन्त्रीहरूसँग पार्टी नेतृत्वको छलफल भएको र सो क्रममा मधेश प्रदेशमा वर्तमान गठबन्धनलाई निरन्तरता दिने समझदारी बनेको बताएका छन् ।

हाल मधेश प्रदेशमा नेपाली कांग्रेसका कृष्णप्रसाद यादव एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को समर्थनमा मुख्यमन्त्री रहेका छन् । यसबीच एमाले-नेकपाबीच भएको नयाँ सहमतिले मधेश प्रदेशको आगामी सत्ता समीकरण कता मोडिने भन्ने विषय राजनीतिक रूपमा थप चासोको केन्द्र बनेको छ ।

तर केन्द्रमा कांग्रेसले तीन दलीय गठबन्धनको औचित्यमाथि प्रश्न गर्दै विपक्षमा उभिएको छ । जसले गर्दा मधेश प्रदेश र गण्डकी प्रदेशमा तत्काल दुई दलले अन्य राजनीतिक दलसंग समझारीलाई जोड दिएको बताइन्छ ।

### निट प्रश्नपत्र चुहावट विवादः

## विद्यार्थी आन्दोलनपछि भारतीय शिक्षामन्त्रीको राजीनामा

**टुडे समाचारदाता**

जनकपुरधाम । मेडिकल प्रवेश परीक्षा निट-यूजीको प्रश्नपत्र चुहावट तथा परीक्षामा देखिएको अनियमितताको विरोधमा देशव्यापी रूपमा चर्किएको विद्यार्थी आन्दोलनको दबाबपछि भारतका शिक्षामन्त्री धर्मेन्द्र प्रधान ले शनिबार पदबाट राजीनामा दिएको विभिन्न भारतीय सञ्चारमाध्यमले जनाएको छ । करिब ३६ दिनदेखि दिल्लीको जन्तर-मन्तरमा जारी धर्ना, भोक हडताल र प्रदर्शनले निर्णायक मोड लिएपछि उनले प्रधानमन्त्रीसमक्ष आफ्नो राजीनामा बुझाएका छन् ।




राजीनामाको जानकारी प्रधानले सामाजिक सञ्जाल एक्समार्फत सार्वजनिक गरेका छन् । उनले देशभर उत्पन्न परि स्थितिलाई ध्यानमा राख्दै विद्यार्थीको भविष्य, राष्ट्रिय एकता तथा कानुनी जटिलता टार्न आफूले नैतिक जिम्मेवारीस्वरूप पद त्यागेको बताएका छन् ।

उनले आफ्नो पत्रमा लेखेका छन्, "जन्तर-मन्तर र देशभर सिर्जित परिस्थितिको फाइदा राष्ट्रविरोधी तत्त्वहरूले उठाउन नसकून्, देशको एकता अक्षुण्ण रहोस् र भारतका विद्यार्थीहरू कानुनी विवादमा अल्झिनुको सट्टा आफ्नो अध्ययन तथा करिअरमा केन्द्रित हुन सकून् भन्ने उद्देश्यले मैले सम्माननीय प्रधानमन्त्रीसमक्ष आफ्नो राजीनामा पेस गरेको छु ।"

निट-यूजी प्रश्नपत्र चुहावट प्रकरणमा शिक्षामन्त्रीको नैतिक जिम्मेवारी रहेको भन्दै कक्रोच जनता पार्टी (सीजेपी) ले विगत ३६ दिनदेखि जन्तर-मन्तरमा आन्दोलन सञ्चालन गर्दै आएको थियो । आन्दोलनमा हजारौँ विद्यार्थी सहभागी भएका थिए भने सामाजिक अभियन्ता सोनम वाङ्चुक समेत केही दिन भोक हडतालमा बसेका थिए ।

आन्दोलनकारीहरूले शुरुदेखि नै "धर्मेन्द्र प्रधानको राजीनामाभन्दा कममा आन्दोलन अन्त्य नहुने" चेतावनी दिएका थिए ।

राजीनामाको घोषणापछि आन्दोलन स्थलमा विद्यार्थीहरूले उत्सव मनाएका छन्। सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियोहरूमा प्रदर्शनकारीहरू नाराबाजी गर्दै खुसी साटासाट गरिरहेको देखिन्छ ।

राजीनामापछि आन्दोलनको नेतृत्व गरिरहेको कक्रोच जनता पार्टी (सीजेपी) ले यसलाई विद्यार्थी आन्दोलनको ऐतिहासिक जितको रूपमा व्याख्या गरेको छ ।

पार्टीका नेता अभिजीत दीपके ले प्रतिक्रिया दिँदै भने, "धेरै मानिसहरूले यो सरकारमा कसैको राजीनामा आउँदैन भन्ने गर्थे। तर झुक्छ दुनिया, झुकाउने हुनुपर्छ। यदि जनता डराउँदैनन् र सरकारसमक्ष झुक्दैनन् भने लोकतन्त्रमा जोसुकैलाई पनि जिम्मेवार बनाउन सकिन्छ ।"

सीजेपीले एक्समा पोस्ट गर्दै लेखेको छ, "विद्यार्थी शक्ति अमर रहोस्। यो विद्यार्थीहरूको संघर्षको जित हो ।"

राजीनामा हुनुभन्दा एक दिनअघि सीजेपीका प्रतिनिधिमण्डलले केन्द्रीय मन्त्री जेपी नड्डा र जितेन्द्र सिंह सँग भेटवार्ता गरेको थियो । भेटपछि सरकारले निर्णयका लागि एक दिनको समय मागेको पार्टीले जनाएको थियो ।

आफ्नो राजीनामा पत्रमा धर्मेन्द्र प्रधानले विवादको पहिलो दिनदेखि नै आफूले जिम्मेवारी स्वीकार गरेको दाबी गरेका छन् ।

उनले लेखेका छन्, "मैले कहिल्यै जिम्मेवारीबाट भाग्ने प्रयास गरिनँ। निट-यूजी परीक्षामा अनियमितता देखिएलगत्तै सरकारले तत्काल सीबीआईलाई अनुसन्धानको जिम्मा दिएको, परीक्षा रद्द गरेको तथा नयाँ परीक्षा सञ्चालन गरेको थियो ।"

प्रधानका अनुसार मे ३ मा सम्पन्न निट-यूजी परीक्षामा अनियमितता पुष्टि भएपछि सरकारले तत्काल केन्द्रीय अनुसन्धान ब्युरो (सीबीआई) लाई अनुसन्धानको जिम्मेवारी दिएको थियो । त्यसपछि परीक्षा रद्द गरी जुन २१ मा पुनः परीक्षा सञ्चालन गरिएको उनले उल्लेख गरेका छन् ।

उनले केन्द्र, राज्य सरकार तथा जिल्ला प्रशासनको समन्वयमा पुनः परीक्षा सफलतापूर्वक सम्पन्न भएको दाबी गरेका छन् ।

प्रधानले आफ्नो पत्रमा केही व्यक्तिहरूले विद्यार्थीलाई भ्रममा पार्ने प्रयास गरेको आरोप पनि लगाएका छन् । उनले कुनै व्यक्ति वा दलको नाम नलिए पनि पछिल्ला दिनहरूमा विपक्षी दलका नेताहरूमाथि निरन्तर आलोचना गर्दै आएका थिए ।

उनले पछिल्ला घटनाले आफूलाई व्यक्तिगत रूपमा दुःखी बनाएको उल्लेख गर्दै आफ्नो निर्णय व्यक्तिगत प्रतिष्ठाभन्दा पनि विद्यार्थीको हित र राष्ट्रिय एकतालाई प्राथमिकता दिने उद्देश्यले गरिएको बताएका छन् ।

उनले युवाहरूलाई भ्रामक सूचना र अफवाहबाट टाढा रहन आग्रहसमेत गरेका छन् ।

उता निट प्रश्नपत्र चुहावट प्रकरणलाई लिएर शनिबार भारतका विभिन्न राज्यमा विद्यार्थी आन्दोलन थप उग्र बनेको छ । भारतको बिहार बन्द का क्रममा पटना, सीवान, छपरा, सीतामढी, भागलपुरसहित आठ जिल्लामा हिंसात्मक झडप भएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

छपरामा प्रदर्शनकारीहरूले प्रहरीको गाडीमा आगजनी गरेका छन् भने सरकारी कार्यालयमा चढेर पोस्टर च्यातेका र ब्यारिकेड भत्काएका छन् । आन्दोलनका कारण सडक अवरुद्ध हुँदा न्यायाधीशको सवारीसमेत केही समय रोकिएको थियो ।


पटनामा आन्दोलनमा सहभागी भएका पूर्वमन्त्री तेजप्रताप यादव लाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सीतामढीमा भएको झडपमा एक महिला प्रहरी निरीक्षक (एसआई) सहित १२ जना घाइते भएका छन् भने भागलपुरमा लाठीचार्जपछि प्रहरी नै घटनास्थलबाट पछि हट्न बाध्य भएको समाचारमा उल्लेख गरिएको छ ।

बिहारबाहेक उत्तर प्रदेश का प्रयागराज, लखनउ, सहारनपुरलगायतका शहर तथा मध्यप्रदेश का २० भन्दा बढी सहरमा पनि विद्यार्थी प्रदर्शन जारी रहेको बताइएको छ । इन्दौरमा प्रदर्शनकारीमाथि ड्रोनमार्फत निगरानी गरिएको छ ।

धर्मेन्द्र प्रधानको राजीनामाले निट-यूजी प्रश्नपत्र चुहावट प्रकरणलाई लिएर सुरु भएको विद्यार्थी आन्दोलनलाई नयाँ राजनीतिक मोड दिएको छ । यद्यपि सीजेपीले भने आन्दोलन जारी नै रहने जनाएको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कारबाहीलाई अझै तीव्र बनाउ

नेपालमा लागुऔषधको सेवन र तस्करी व्यापक भएको छ । देशको हरेक भागमा तस्करी भएर लागुऔषध जाने गरेको छ । लागुऔषधको तस्करीमा नेपाल र भारत दुबै देशका तस्करहरु सक्रिय छन् । देशमा लागुऔषधको सेवन गर्नेमा युवायुवतीहरुको संख्या बढी छ । लागुऔषधले देशको भावी कर्णधारलाई अपराधी बनाइरहेको छ । लागुऔषधको कारण देशमा अनेक प्रकारको अपराध बढेको छ। लागुऔषध सेवन गर्नेहरुको संख्यामा भइरहेको वृद्धिसँगै देशमा अपराधिक घटनाहरुमा वृद्धि भइरहेको छ। लागुऔषध दुर्व्यसनीहरुको संख्यात्मक वृद्धि यसरी नै जारी रहे देशमा उनीहरुको त्रास फैलिनेछ। लागुऔषध सेवन गर्नेहरुलाई कुनै डर, धाक हुँदैन। उनीहरु होसमा नै नरहने कारणले अन्य मानिस डराउनु स्वभाविक नै हो । नेपालमा लागुऔषध भारतबाट तस्करी भएर भारी परिमाणमा आउने गर्छ । हुन त नेपालबाट गाँजा भारततर्फ जाने गरेको छ। भारतको सीमावर्ती क्षेत्र र नेपाल लागुऔषधको दुर्व्यसनीहरुले सुरक्षा व्यवस्थालाई नै चुनौती दिएको छ। नेपाल र भारतका सुरक्षा अधिकारीहरुबीच हुने हरेक बैठकमा लागुऔषधको तस्करीलाई नियन्त्रण गर्ने विषयमा छलफल हुन्छ । तर त्यसको परिणाम देखिदैन । भारतीय सीमावर्ती क्षेत्रमा लागुऔषधको तस्करी गर्नेहरुको सञ्जाल नै रहेको बताइन्छ। नेपाली सुरक्षा अधिकारीहरुले सीमावर्ती क्षेत्रमा लागुऔषधको तस्करी रोक्न अत्यन्त कडाइ गरेको छ। तर सुरक्षाकर्मीहरुको भन्दा तस्करहरु बढी चलाख देखिएका छन् । प्रहरीले एउटा बाटो रोक्दा तस्कर हरुले अन्य बाटो र माध्यम प्रयोग गर्छन् । महिलाहरु पनि तस्करीमा सक्रिय छन् । अनेक सवारी साधनहरु लागुऔषध तस्करीमा प्रयोग भइरहेको छ । सुरक्षा व्यवस्थालाई जति कडाइ गरे पनि तस्करी पूर्ण रुपमा नियन्त्रण हुन सकेको छैन । बढ्दो दुर्व्यसनी र तस्करीलाई नियन्त्रण गर्न प्रहरीले अनेक अप्रेशन चलाइरहेको छ। त्यस क्रममा प्रहरीले सिरहा र धनुषा जिल्लामा छुट्टाछुट्टै दुईवटा गिरोहलाई पक्राउ गरेको छ। त्यसक्रममा प्रहरीले फायरिंग समेत गर्नु परेको थियो। लागुऔषध तस्करलाई गोलीले घाइते बनाएर भएपनि पक्राउ गर्नुपर्छ ।एकजना तस्करले सयौं युवायुवतीहरुलाई कुलतमा फसाउने गर्छन् । लागुऔषध दुर्व्यसनीहरुको जीवन नै व्यर्थ हुन्छ। उनले कुनै काम गर्न सक्दैन। उनी मानसिक र शारीरीक रुपमा अपांग हुन्छन्। लागुऔषधका लागि अनेक अपराधिक क्रियाकलाप गर्न थाल्छन् । पछिल्लो समयमा भएका घटनाहरुमा लागुऔषध दुर्व्यसनीहरुको संख्या नै बढी देखिन्छ । लागुऔषध दुर्व्यसनीसित हरेक मानिस डराउने गर्छन् । प्रहरीले पनि उनीहरुलाई नियन्त्रणमा लिन समस्या हुन्छ। प्रहरी तथ्यांक अनुसार लागुऔषध दुर्व्यसनी र तस्करी गर्नेहरुको संख्या अत्यधिक छ । लागुऔषध नियन्त्रणका लागि प्रहरीले थालेको अभियान अत्यन्त सकारात्मक छ। त्यसलाई अझ बढी प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ। लागुऔषधलाई नियन्त्रण गर्न नसकिए केही वर्षपछि देशमा उनीहरुको संख्या उल्लेख्य रुपमा बढने छ ।समग्रमा देश नै कमजोर हुनेछ।

# जेन-जी आन्दोलनको प्रभाव र भारतीय शिक्षामन्त्रीको राजीनामा: डिजिटल पुस्ताले बदल्दै गरेको लोकतान्त्रिक राजनीति



सुजीत कुमार झा

२१औँ शताब्दीको तेस्रो दशकमा विश्व राजनीतिले एउटा नयाँ सामाजिक-राजनीतिक शक्ति देख्न थालेको छ–जेन-जी (न्भलभचबतष्यल श) । सन् १९९७ देखि २०१२ को बीचमा जन्मिएको यो पुस्ता इन्टरनेट, स्मार्टफोन, सामाजिक सञ्जाल र कृत्रिम बुद्धिमत्ता (ब्क्ष) को वातावरणमा हुर्किएको पहिलो 'डिजिटल नेटिभ' पुस्ता हो। अघिल्ला पुस्ताले पुस्तक, टेलिभिजन र परम्परागत सञ्चारमाध्यमबाट सूचना प्राप्त गर्थे भने जेन-जीले सूचना उत्पादन, विश्लेषण र प्रसार गर्ने क्षमता आफैं विकास गरेको छ। यही कारण आजको युवा पुस्ता मात्रै सामाजिक सञ्जालको उपभोक्ता मात्र होइन, जनमत निर्माण गर्ने सक्रिय शक्ति पनि बनेको छ।

भारतमा हाल देखिएको विद्यार्थी आन्दोलनले यही परिवर्तनलाई स्पष्ट रूपमा देखाएको छ । प्रतिस्पर्धात्मक परीक्षाहरूमा पटक-पटक देखिएका प्रश्नपत्र चुहावट, अनियमितता, पारदर्शिताको अभाव तथा जवाफदेहिताको कमीविरुद्ध सुरु भएको आन्दोलन विस्तार हुँदै शिक्षा सुधार, सुशासन र राजनीतिक उत्तरदायित्वको व्यापक बहसमा रूपान्तरित भयो । आन्दोलनको दबाबबीच भारतीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले पदबाट शनिबार राजीनामा दिएका छन् । यस घटनालाई धेरै विश्लेषकहरूले डिजिटल पुस्ताले लोकतान्त्रिक दबाबमार्फत प्राप्त गरेको महत्वपूर्ण राजनीतिक उपलब्धिका रूपमा व्याख्या गरेका छन् ।

### जेन-जी किन फरक छ ?

जेन-जीको विशेषता मात्रै उमेर होइन, उनीहरूको सोच, सूचना प्रयोग गर्ने क्षमता र राजनीतिक सहभागिताको शैली हो। यो पुस्ता कुनै पनि सरकारी दाबीलाई सहजै स्वीकार गर्दैन । उनीहरू प्रमाण खोज्छन्, तथ्य जाँच गर्छन् र केही मिनेटमै लाखौँ मानिससम्म सूचना पुर्‍याउन सक्छन् ।

सामाजिक सञ्जालले उनीहरूलाई अभिव्यक्तिको मात्र होइन, संगठन निर्माणको पनि बलियो माध्यम दिएको छ। अघिल्लो पुस्ताका आन्दोलनहरू संगठन, पार्टी वा ट्रेड युनियनमार्फत सञ्चालित हुन्थे भने अहिले ह्यासट्याग, लाइभ भिडियो, डिजिटल अभियान र स्वतःस्फूर्त नेटवर्कले आन्दोलनलाई गति दिन थालेका छन्।

यसै कारण जेन-जी आन्दोलनहरू नेतृत्व केन्द्रितभन्दा मुद्दा केन्द्रित हुने गरेका छन्। उनीहरूको प्राथमिकता सत्ता परिवर्तन होइन, प्रणाली सुधार, पारदर्शिता र उत्तरदायित्व हुन्छ।

### परीक्षाको विश्वसनीयतामाथि उठेका प्रश्न

भारतमा मेडिकल शिक्षाका लागि सञ्चालन हुने राष्ट्रिय प्रवेश परीक्षा ल्भ्भ्त देशकै सबैभन्दा प्रतिस्पर्धात्मक परीक्षामध्ये एक हो । लाखौँ विद्यार्थीले वर्षौंसम्म तयारी गरेर यो परीक्षा दिन्छन् । तर पछिल्ला वर्षहरूमा प्रश्नपत्र चुहावट, संगठित गिरोहको संलग्नता, परीक्षा व्यवस्थापनमा कमजोरी तथा पारदर्शिताको अभावका विषयमा बारम्बार विवाद उठ्दै आएको थियो।

विद्यार्थीहरूको असन्तुष्टि मात्रै एउटा परीक्षा रद्द गर्ने वा पुनः परीक्षा गराउने विषयमा सीमित थिएन। उनीहरूले शिक्षा प्रणालीप्रतिको विश्वास नै कमजोर भएको तर्क गरे । 'मेहनत गर्ने विद्यार्थीभन्दा प्रश्नपत्र किन्ने वा पहुँच भएका मानिसहरू सफल हुने प्रणाली स्वीकार्य हुन सक्दैन' भन्ने उनीहरूको मूल सन्देश थियो।

यही कारण आन्दोलनले व्यापक जनसमर्थन प्राप्त गर्‍यो। विद्यार्थी, अभिभावक, शिक्षक, शिक्षा विज्ञ तथा नागरिक समाजका विभिन्न पक्षले परीक्षा प्रणालीमा गम्भीर सुधार आवश्यक रहेको बताएका थिए।

### सडक र सामाजिक सञ्जालको संयुक्त शक्ति

भारतमा जेन-जी नेतृत्वको आन्दोलनको सबैभन्दा उल्लेखनीय पक्ष भनेको सडक आन्दोलन र डिजिटल अभियानबीचको सशक्त समन्वय थियो । परम्परागत आन्दोलनहरू मुख्यतः सार्वजनिक सभा, जुलुस र सञ्चारमाध्यमको भरमा अघि बढ्ने गर्थे । तर यस आन्दोलनले भौतिक उपस्थिति र डिजिटल सञ्जाललाई एकैसाथ परिचालन गरेर आन्दोलनको स्वरूप नै परिवर्तन गरिदियो। नयाँ दिल्लीको जन्तर-मन्तर आन्दोलनको प्रत्यक्ष केन्द्र बन्यो भने एक्स (पूर्व ट्विटर), इन्स्टाग्राम, युट्युब, टेलिग्राम र अन्य सामाजिक सञ्जालहरू जनमत निर्माण, सूचना आदानप्रदान र राष्ट्रिय-अन्तर्राष्ट्रिय समर्थन जुटाउने प्रभावकारी माध्यम बने।






आन्दोलनकारीहरूले मात्रै नाराबाजीमा सीमित नरही भिडियो, प्रत्यक्ष प्रसारण (लाइभ), तथ्यमा आधारित पोस्ट, इन्फोग्राफिक्स तथा आधिकारिक दस्तावेजहरू सार्वजनिक गर्दै आफ्ना मागलाई विश्वसनीय बनाउने प्रयास गरे । सामाजिक सञ्जालमार्फत केही घण्टामै लाखौँ मानिससम्म सूचना पुग्न थालेपछि आन्दोलनको प्रभाव भारतका विभिन्न राज्यहरूमा मात्र सीमित रहेन, अन्तर्राष्ट्रिय सञ्चारमाध्यम र विश्वव्यापी जनचासोको विषय पनि बन्यो। यसले परम्परागत सञ्चार संरचनाभन्दा डिजिटल प्लेटफर्महरू सार्वजनिक बहस निर्माणका लागि कति प्रभावकारी बन्न सक्छन् भन्ने स्पष्ट देखायो।

यस आन्दोलनले 'डिजिटल नागरिकता' (म्उष्तिबा ऋष्तष्शभलकजष्उ) को अवधारणालाई पनि नयाँ उचाइमा पुर्‍याएको छ । डिजिटल नागरिकता भनेको प्रविधिको प्रयोग गरेर जिम्मेवार, तथ्यमा आधारित र लोकतान्त्रिक सहभागिता जनाउने नागरिक संस्कृतिको विकास हो । अब नागरिकको भूमिका मात्रै पाँच वर्षमा एकपटक मतदान गर्नेमा सीमित छैन । सामाजिक सञ्जालमार्फत सरकारी निर्णयको निरन्तर निगरानी गर्ने, सार्वजनिक नीतिमाथि प्रश्न उठाउने, तथ्यसहित बहस गर्ने र आवश्यक परे लोकतान्त्रिक दबाब सिर्जना गर्ने अभ्यास आधुनिक लोकतन्त्रको अभिन्न हिस्सा बन्दै गएको छ। भारतको यो आन्दोलनले डिजिटल युगमा जनशक्तिको प्रभाव मात्रै सडकमा उपस्थित भीडले मात्र होइन, सूचना, प्रविधि र नागरिक सचेतनाको प्रभावकारी प्रयोगले पनि निर्धारण हुने स्पष्ट सन्देश दिएको छ।

### सरकारमाथि बढ्दो नैतिक दबाब

आन्दोलन तीव्र बन्दै गएपछि सरकारमाथि राजनीतिक र नैतिक दुवै प्रकारको दबाब बढ्दै गयो। संसदमा विपक्षी दलहरूले शिक्षामन्त्रीको राजीनामा मागे भने सडकमा विद्यार्थीहरूले उत्तरदायित्वको माग दोहोर्‍याइरहे।

अन्ततः शिक्षामन्त्री धर्मेन्द्र प्रधानले पदबाट राजीनामा दिए। आफ्नो सार्वजनिक वक्तव्यमा उनले विद्यार्थीहरूको भविष्य, परीक्षा प्रणालीमा सुधार र आन्दोलन थप जटिल बन्न नदिन आफूले जिम्मेवारी लिएको उल्लेख गरेका छन्।

राजीनामाले आन्दोलनका सबै माग पूरा भएको अर्थ भने होइन । धेरै आन्दोलनकारीले शिक्षा प्रणालीमा संरचनागत सुधार, परीक्षा सुरक्षाको ग्यारेन्टी, कडा कानुनी कारबाही तथा दीर्घकालीन सुधार अझै आवश्यक रहेको बताएका छन्।

### आन्दोलनको वास्तविक उपलब्धि

यस आन्दोलनको सबैभन्दा ठूलो उपलब्धि एउटा मन्त्रीको राजीनामा मात्र होइन । यसले सार्वजनिक संस्थामाथिको जवाफदेहिताबारे राष्ट्रिय बहस सिर्जना गरिदियो।

पहिलो, शिक्षा प्रणालीको विश्वसनीयतामाथि गम्भीर पुनर्विचार सुरु भयो।

दोस्रो, परीक्षा सुरक्षासम्बन्धी कानुन, डिजिटल निगरानी तथा संस्थागत सुधारका विषय राष्ट्रिय प्राथमिकतामा आए।

तेस्रो, युवाहरूले लोकतान्त्रिक माध्यमबाट पनि सरकारलाई उत्तरदायी बनाउन सकिन्छ भन्ने सन्देश दिए।

चौथो, सामाजिक सञ्जाललाई मात्रै मनोरञ्जनको माध्यम नभई लोकतान्त्रिक सहभागिताको शक्तिशाली उपकरणका रूपमा स्थापित गरियो।

### लोकतन्त्रका लागि यसको अर्थ

जेन-जी आन्दोलनले लोकतन्त्रको एउटा नयाँ स्वरूप प्रस्तुत गरेको छ। परम्परागत आन्दोलनहरू लामो संगठनात्मक तयारीपछि हुन्थे। अहिले भने कुनै एउटा सार्वजनिक मुद्दाले केही दिनमै राष्ट्रिय आन्दोलनको रूप लिन सक्छ।

यसका सकारात्मक पक्ष स्पष्ट छन्। सरकारमाथि सार्वजनिक निगरानी बढ्छ, पारदर्शिताको माग बलियो हुन्छ र नागरिक सहभागिता विस्तार हुन्छ।

तर चुनौतीहरू पनि छन्। सामाजिक सञ्जालमा गलत सूचना, अपुष्ट दाबी, भावनात्मक ध्रुवीकरण तथा कृत्रिम बुद्धिमत्ताबाट सिर्जित सामग्रीले आन्दोलनलाई प्रभावित गर्न सक्छ। त्यसैले डिजिटल आन्दोलन सफल हुन तथ्य, प्रमाण र जिम्मेवार अभिव्यक्ति उत्तिकै आवश्यक हुन्छ।

### नेपालका लागि पाठ

भारतको अनुभव नेपालका लागि पनि महत्वपूर्ण सन्देश हो । नेपालमा पनि लोकसेवा आयोग, विश्वविद्यालय परीक्षा, चिकित्सा शिक्षा, सार्वजनिक सेवा आयोग तथा अन्य प्रतिस्पर्धात्मक परीक्षामा ढिलाइ, व्यवस्थापन कमजोरी र पारदर्शिताका विषय समय-समयमा उठ्दै आएका छन्।

नेपालको युवा पुस्ता पनि डिजिटल रूपमा निकै सक्रिय छ। भविष्यमा यस्ता विषयमा उनीहरूले सामाजिक सञ्जाल र लोकतान्त्रिक आन्दोलनमार्फत अझ प्रभावकारी दबाब सिर्जना गर्ने सम्भावना बलियो देखिन्छ।

यसका लागि सरकारले दुईवटा कुरा बुझ्न आवश्यक छ। पहिलो, पारदर्शिता अब विकल्प होइन, अनिवार्यता हो। दोस्रो, सूचना लुकाएर वा ढिलाइ गरेर सार्वजनिक असन्तुष्टि कम गर्न सकिँदैन । डिजिटल युगमा सूचना केही मिनेटमै विश्वव्यापी बन्न सक्छ।

राजनीतिक नेतृत्वले युवाको असन्तुष्टिलाई सुरक्षा चुनौतीका रूपमा होइन, नीति सुधारको अवसरका रूपमा लिनुपर्छ । संवाद, जवाफदेहिता र संस्थागत सुधार नै दीर्घकालीन समाधान हुन्।

अन्त्यमा भारतमा भएको विद्यार्थी आन्दोलन र त्यसपछिको राजनीतिक घटनाक्रमले एउटा स्पष्ट सन्देश दिएको छ – डिजिटल पुस्तालाई बेवास्ता गरेर शासन सञ्चालन गर्ने समय समाप्त हुँदै गएको छ। जेन-जी मात्रै सामाजिक सञ्जालमा सक्रिय पुस्ता होइन; उनीहरू तथ्य खोज्ने, प्रश्न गर्ने, सरकारलाई जवाफदेही बनाउने र लोकतान्त्रिक प्रक्रियामा सक्रिय सहभागिता जनाउने नागरिकका रूपमा स्थापित हुँदै छन्।

शिक्षामन्त्रीको राजीनामा एउटा राजनीतिक घटनामात्र होइन; यसले लोकतान्त्रिक उत्तरदायित्व, सार्वजनिक विश्वास र संस्थागत सुधारको आवश्यकतालाई पुनः केन्द्रमा ल्याएको छ।

नेपालसहित दक्षिण एसियाका सबै लोकतान्त्रिक मुलुकहरूले यस घटनाबाट एउटा महत्त्वपूर्ण पाठ सिक्न सक्छन् – आजको युवा पुस्ता मात्रै भविष्यको मतदाता होइन, वर्तमानको नीति-निर्माणलाई प्रभाव पार्ने सक्रिय शक्ति हो। उनीहरूको आवाजलाई बेवास्ता गर्नु कुनै पनि लोकतान्त्रिक सरकारका लागि दीर्घकालीन रूपमा महँगो साबित हुन सक्छ। प्रविधि, पारदर्शिता, उत्तरदायित्व र नागरिक सहभागिताको समन्वयबाट मात्र आधुनिक लोकतन्त्र बलियो बन्न सक्छ, र जेन-जी यही परिवर्तनको अग्रदूतका रूपमा उदाउँदै गएको छ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आगन्तुकले अलमल्याउने हुँदा काममा बाधा हुनेछ। |
| वृष : | आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ। |
| मिथुन : | नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । |
| कर्कट : | मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। |
| सिंह : | स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। |
| कन्या : | स्वास्थ्यकालागिआहार-विहारमासजग रहनुपर्नेछ। |
| तुला : | छोटो समयमा फाइदा उठाउन सकिनेछ। |
| वृश्चिक : | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। |
| धनु : | अवसर आए पनि फाइदा उठाउन केही चुनौतीहरुसंग जुध्नुपर्नेछ। |
| मकर : | पुरनो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ। |
| कुम्भ: | विभिन्न उपहार प्राप्त हुने समय छ। सहयोगीहरुले राम्रो साद दिनेछन् । |
| मीन: | आत्मविश्वासको कमीले काममा पछि परिनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# गुणस्तरहीन खाद्यान्न उत्पादन र बिक्री गर्ने ६२ उद्योगी व्यापारीविरुद्ध मुद्दा दायर




जनकपुरधाम । गुणस्तरहीन खाद्य पदार्थ उत्पादन तथा बिक्री गरेको आरोपमा मधेस प्रदेशका ६२ उद्योगी-व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा सङ्कलन गरी परीक्षण गरिएका खाद्य नमुनामा कैफियत देखिएपछि सम्बन्धित जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम मुद्दा दायर गरिएको जनाएको छ।

कार्यालय प्रमुख विमलकुमार दाहालका अनुसार बारा र पर्साका ५१, महोत्तरीका सात, सर्लाही र रौतहटका तीन तथा धनुषाका एक उद्योगी-व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ। उहाँका अनुसार सप्तरी र सिरहाका तीन तथा धनुषाका दुई गरी थप पाँच उद्योगी-व्यवसायीविरुद्ध पनि खाद्य स्वच्छता कायम नगरेको तथा खाद्य पदार्थमा मिसावट गरेको आरोपमा मुद्दा दर्ता गर्ने प्रक्रिया अघि बढाइएको छ।

अनुगमनका क्रममा सङ्कलित नमुनाको परीक्षणबाट स्वास्थ्यका लागि हानिकारक मिसावट गरिएको, म्याद गुज्रिएका खाद्य वस्तु बिक्री गरिएको तथा गुणस्तर मापदण्ड उल्लङ्घन भएको पाइएपछि कानुनी कारबाही प्रक्रिया अघि बढाइएको प्रमुख दाहालले बताउनुभयो।

आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशका जिल्लाबाट कानुनबमोजिम ५७८, उत्पादकको आग्रहमा एक हजार २२८, सरकारी निकायबाट प्राप्त २० सहित कुल चार हजार ५५९ खाद्य नमुना सङ्कलन गरिएको थियो।

तीमध्ये ३५ नमुनामा प्रतिकूल नतिजा देखिएको र १० नमुनामा कानुनी कारबाही प्रक्रिया अघि बढाइएको कार्यालयले जनाएको छ।

सोही अवधिमा ५१० वटा ताजा फलफूल तथा तरकारीमा विषादी परीक्षण र ३१० वटा स्वच्छता सर्भिलेन्स गरिएको प्रमुख दाहालले जानकारी दिनुभयो।

खाद्य स्वच्छता प्रवर्द्धनका लागि कार्यालयले धनुषामा ६० पटक अनुगमन गरी २५० होटल तथा रेष्टुरेन्टको निरीक्षण गरेको जनाएको छ। यस अवधिमा १२१ उद्योगलाई अनुज्ञापत्र जारी, ३०७ उद्योगको नवीकरण तथा ३४७ उद्योगका लागि सिफारिस गरिएको छ। नमुना परीक्षण, अनुज्ञापत्र जारी, नवीकरण तथा उद्योग सिफारिसलगायतका सेवाबाट रु ३८ लाख ३६ हजार १७० राजस्व सङ्कलन भएको प्रमुख दाहालले बताउनुभयो।

गत असारमा मात्र अनुगमन टोलीले धनुषाका ४४ होटल तथा रेष्टुरेन्टमा गरेको अनुगमनमा १२ वटामा कैफियत भेटिएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु चार लाख २० हजार जरिवाना गरिएको उहाँले जानकारी दिनुभयो।

त्यसैगरी, सर्लाहीका २४ होटलमा गरिएको अनुगमनमा १७ वटामा कैफियत भेटिएपछि रु छ लाख ६७ हजार जरिवाना गरिएको थियो। कार्यालयका अनुसार अनुगमन तथा निरीक्षणका क्रममा म्याद गुज्रिएका, लेबल विवरण नभएका, सडेगलेका तथा अन्य अखाद्य वस्तुहरू जफत गरी सम्बन्धित सरोकारवालाको रोहबरमा नष्ट गरिएको छ। रासस

# मधेश प्रदेश सरकारको जनलोकपाल आयोगद्वारा १५ मुद्दा फैसला



जनकपुरधाम । मधेश प्रदेश सरकारद्वारा गठित जनलोकपाल आयोगले आर्थिक वर्ष २०८२/८३ मा १५ वटा मुद्दा फैसला गरेको छ। स्थापनाकालदेखि न्यून जनशक्ति, भौतिक संरचनाको अभावलगायत समस्या झेल्दै आएको आयोगले आव २०८२/८३ मा अनियमितता तथा भ्रष्टाचारसम्बन्धी ५१ उजुरी दर्ता भएकामा १५ वटाको फैसला गरेको छ।

आयोगका सूचना अधिकारी प्रसन्नराज कर्णका अनुसार यहाँ दर्ता भएका उजुरीहरूको अध्ययन र छानबिन गरी १५ वटाको फैसला गरेर मुद्दा दर्ताका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, केन्द्रीय कार्यालय टंगाल काठमाण्डु पठाइएको छ। अन्य उजुरीउपर छानबिन भइरहेको उहाँले बताउनुभयो।

आयोगमा गत आव २०८१/८२ मा भ्रष्टाचार र अनियमिततासम्बन्धी ५६ उजुरी दर्ता भएकामा १० वटा फैसला गरेर मुद्दा दर्ताका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय टंगाल काठमाण्डु पठाएको थियो।

आयोगमा सबैभन्दा बढी स्थानीय तह र प्रदेश सरकारका निकायहरूमा भ्रष्टाचार, अवैध सम्पत्ति आर्जन, प्रशासनिक अनियमिततासम्बन्धी उजुरी आउने गरेका सूचना अधिकारी कर्णको भनाइ छ। उहाँका अनुसार अनलाइनमार्फत पनि आयोगमा उजुरी दर्ता हुने गरेका छन्।

गत २०७८ भदौमा स्थापना भएको सो आयोगमा बर्सेनि अनियमितता तथा भ्रष्टाचारसम्बन्धी उजुरी बढ्दै गएपनि कार्यालयका लागि भौतिक संरचनाको अभाव, सुरक्षाकर्मीसहितको जनशक्ति आभावलगायत कारणले उजुरीको अध्ययन र छानबिन गर्न समस्या भइरहेको आयोगका अध्यक्ष रामसहायराय यादवले जानकारी दिनुभयो।

प्रदेशभित्रका सार्वजनिक निकाय तथा संस्थाहरूमा भएको अनियमितता छानबिन गरी दोषीमाथि कारबाही अघि बढाउने अधिकारसहित गठन भएको उक्त आयोगले लामो समयसम्म नियमावली र कर्मचारी नपाउँदा परेको उजुरीमाथि छानबिन गरी फैसला गर्न कठिनाइ भइरहेको उहाँको भनाइ छ।

प्रदेशका धनुषा, महोत्तरी, रौतहटलगायत जिल्लामा स्थानीय तहबाट सञ्चालित विकासीय योजनामा भ्रष्टाचार हुने गरेको तथा नियुक्ति प्रक्रियामा अनियमितता भएको विषयमा बढी उजुरी दर्ता हुने गरेको अध्यक्ष यादवले जानकारी दिनुभयो। "आयोगमा ३३ जना कर्मचारीको दरबन्दी छ, तर अहिले कार्यालय प्रमुखसहित १५ कर्मचारी कार्यरत छन्", आयोगका अध्यक्ष यादवले भन्नुभयो, "एकातिर उजुरी बढी आइरहेको छ भने अर्कोतिर कर्मचारी अभावका कारण दर्ता भएका उजुरी अध्ययन गर्न समस्या भइरहेको छ।"

नियमावली र कर्मचारी पठाउन पटकपटक प्रदेश सरकारलाई पत्राचार गरे पनि अहिलेसम्म सुनुवाई नभएको उहाँको गुनासो छ। "मुद्दाको अनुसन्धान गर्न कानुनका कर्मचारी चाहिन्छ, छापामारी गर्न प्रहरी चाहिन्छ", अध्यक्ष यादवले भन्नुभयो, "अहिले हामीसँग कानुनमा विज्ञता हासिल गरेका कर्मचारी र प्रहरीको अभाव छ। त्यसैले काम गर्न सकस भइरहेको छ।"

प्रदेश सरकारले भ्रष्टाचार मुक्त, उत्तरदायी र सुशासनसहित नागरिकका अधिकारलाई सुनिश्चित गरी आर्थिक सुशासन कायम गर्ने उद्देश्यले गठित उक्त आयोगको अध्यक्षमा यादव, सदस्यमा सुजाता विमल र सञ्जीव झा हुनुहुन्छ। रासस

## कारागारबाट फरार माझी पक्राउ

जनकपुरधाम । गत भदौमा भएको 'जेनजी' आन्दोलनका क्रममा रौतहटको गौर कारागारबाट फरार रहेका एक जनालाई प्रहरीले पक्राउ गरेको छ। जबरजस्ती करणी तथा कर्तव्य ज्यान मुद्दामा अदालतबाट २० वर्ष कैद सजाय पाएर गौर कारागारमा कैद भुक्तान गरिरहेको अवस्था जेनजी आन्दोलनका क्रममा कारागारबाट फरार रौतहटको कटहरिया नगरपालिका-७ निवासी ३० वर्षीय प्रभु माझीलाई प्रहरीले पक्राउ गरेको हो।

जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते कारागारबाट फरार भई गाउँघरमा लुकीछिपी बसिरहेको भन्ने गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय रौतहट र इलाका प्रहरी कार्यालय शिवनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले खोजतलास गर्ने क्रममा रौतहटको कटहरिया नगरपालिका-७ बगहीबाट निजलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक वसन्त गौतमले जानकारी दिनुभयो।

पक्राउ परेका माझीलाई कैद भुक्तानको लागि कारागार कार्यालय गौर रौतहटमा बुझाउने कार्य भइरहेको प्रहरी नायब उपरीक्षक गौतमले बताउनुभयो। विसं २०६८ फागुन २५ गते ७ बजेको समयमा रौतहटको कटहरिया नगरपालिका-७ स्थित पोखरीको डिलमा पाँच वर्षीया बालिकालाई जबरजस्ती करणीपश्चात् हत्या गरेको कसुरमा सर्वोच्च अदालतले माझीलाई २० वर्ष कैद फैसला सदर गरी गौर कारागार कार्यालय पठाएको थियो। रासस

## फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । चोरी तथा डाँका सम्बन्धी मुद्दामा कैद सजाय तथा जरिवाना सजाय पाएका एक फरार प्रतिवादीलाई पर्सा प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार पर्सा जिल्ला अदालतले २०८१ चैत २२ गते चोरी तथा डाँका सम्बन्धी कसूरमा दोषी ठहर भई पाँच वर्ष कैद र ५० हजार रुपैयाँ जरिवानाको फैसला गरेका वीरगञ्ज महानगरपालिका-३० निवासी २८ वर्षीय आकाश यादव फरार रहेका थिए।

फैसला कार्यान्वयन टोलीले वीरगञ्ज महानगरपालिका-१९ बिन्दवासिनी क्षेत्रबाट यादवलाई पक्राउ गरेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार पक्राउ परेका यादवमाथि थप अनुसन्धान तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ।

उक्त जानकारी जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले प्रेस विज्ञप्तिमार्फत दिएका हुन्।

# सरकारी जग्गा हड्प्ने खेलमा प्रशासनको 'ब्रेक'

**सञ्जय मिश्रा**

रौतहट । गैरकानुनी रूपमा सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरिएको जग्गामा रौतहटका प्रमुख जिल्ला अधिकारी (सीडीओ) दिनेश सागर भुषालले ब्रेक लगाएको छ।

३० बिगाहा ४ कठ्ठा ७ धुर सरकारी जग्गा पुनः सरकारी स्वामित्वमै कायम गराउने ऐतिहासिक निर्णय गरेका छन्। उक्त जग्गा विभिन्न ४० जनाको नाममा दर्ता भएको श्रेस्ता बदर गर्ने निर्णयसँगै सम्बन्धित निकायलाई आवश्यक कानुनी प्रक्रिया अघि बढाउन निर्देशन दिइएको छ।

सिडियो भुषालको अध्यक्षतामा बुधबार बसेको जिल्ला प्रशासनको बैठकले उक्त निर्णय गरेको हो। स्थानीय प्रशासन ऐन, २०२८ अन्तर्गत भएको सुनुवाइपछि फतुवा विजयपुर नगरपालिका-१० निवासी प्रेम चौधरीसहितका स्थानीयले दिएको निवेदनमाथि निर्णय गर्दै प्रशासनले सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गराउने कार्य कानुनविपरीत रहेको ठहर गरेको हो।

निर्णयअनुसार साविक फतुवा हर्षाहा गाविस-८(क) हाल फतुवा विजयपुर नगरपालिका अन्तर्गत पर्ने साविक कित्ता नम्बर १ को ३० बिगाहा ४ कठ्ठा ७ धुर क्षेत्रफलको जग्गा परापूर्वकालदेखि लोसे जंगल, गौचर तथा सार्वजनिक एलानीका रूपमा रहेको फिल्डबुक, मोठ श्रेस्ता तथा अन्य सरकारी अभिलेखबाट पुष्टि भएको छ। यद्यपि उक्त जग्गा मालपोत तथा नापी कार्यालयको मिलेमतोमा व्यक्तिको नाममा दर्ता र कित्ताकाट गरिएको आरोप निवेदनमा उल्लेख गरिएको थियो।




प्रशासनले फिल्डबुक, मोठ श्रेस्ता, कम्प्युटराइज्ड अभिलेख तथा भूमिसुधार तथा मालपोत कार्यालय गौरबाट प्राप्त विवरण अध्ययन गर्दा जग्गा हालसम्म पनि नेपाल सरकारकै नाममा रहेको देखिएको जनाएको छ। व्यक्तिको नाममा श्रेस्ता कायम गरिएको भनिएको २०२७ सालको निर्णयसम्बन्धी कुनै आधिकारिक कागजातसमेत फेला नपरेको प्रशासनले उल्लेख गरेको छ। मालपोत ऐन, २०३४ को दफा २४ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा १०क(३) अनुसार सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्तिको नाममा दर्ता भए स्वतः बदर हुने कानुनी व्यवस्था रहेको भन्दै प्रशासनले साविक कित्ताबाट फोड भई विभिन्न व्यक्तिको नाममा कायम भएका सबै श्रेस्ता बदर गर्ने निर्णय गरेको हो।

निर्णयसँगै भूमि प्रशासन कार्यालय चन्द्रनिगाहपुरलाई सम्बन्धित श्रेस्ता बदर गरी कानुनबमोजिम आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिइएको छ। त्यसैगरी फतुवा विजयपुर नगरपालिकालाई सरकारी जग्गाको लगत अद्यावधिक गर्न, अतिक्रमण हटाउन तथा अनधिकृत भोगचलन रोक्न पत्राचार गरिएको छ।

यदि सरकारी जग्गा बदनियतपूर्वक बिक्री वा हस्तान्तरण गरिएको भन्ने उजुरी परेमा मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ बमोजिम ठगी तथा जालसाजी कसुरमा अनुसन्धान गरी कारबाही गर्न जिल्ला प्रहरी कार्यालय रौतहटलाई पनि निर्देशन दिइएको छ।

उक्त क्षेत्र लोसे जंगल रहेको देखिएकाले यसको संरक्षण र संवर्द्धनका लागि डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरलाई समेत आवश्यक पहल गर्न पत्राचार गरिएको सीडीओ दिनेश सागर भुषालद्वारा हस्ताक्षरित निर्णयमा उल्लेख छ।

# बलात्कार फरार कैदी पक्राउ

**टुडे समाचारदाता**

रौतहट । जेनजी आन्दोलनको क्रममा बलात्कार तथा हत्या अभियोगमा २० वर्ष कैद सजाय भुक्तान गरिरहेका कारागारबाट फरार एक कैदीलाई रौतहट प्रहरीले पुनः पक्राउ गरेको छ।

पक्राउ पर्नेमा रौतहटका कटहरिया नगरपालिका-७ बगही निवासी ३० वर्षीय प्रभु माझी रहेका छन्। उनी २०८२ साल भदौ २४ गते जेन-जी आन्दोलनका बेला गौर कारागारबाट फरार भएका थिए।



जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहट र इलाका प्रहरी कार्यालय शिवनगरबाट खटिएको संयुक्त टोलीले खोजी अभियान सञ्चालन गरेको थियो। सोही क्रममा शुक्रबार राति करिब ११:३० बजे कटहरिया-७ बगहीबाट माझीलाई नियन्त्रणमा लिइएको हो।

प्रहरीका अनुसार माझीले २०६८ फागुन २५ गते तत्कालीन बगही गाविस-६ (हाल कटहरिया नगरपालिका-७) मा पाँच वर्षीया बालिकालाई जबरजस्ती करणी गरी हत्या गरेको अभियोगमा सर्वोच्च अदालतबाट २० वर्ष कैद सजायको अन्तिम फैसला पाएका थिए।


## भंगहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**भंगहा, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।१०**

यस नगरपालिकाको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम


# बारामा १ करोड बढी ट्राफिक राजश्व संकलन

**टुडे समाचारदाता**

बारा। आर्थिक वर्ष २०८२/८३ मा बारामा ट्राफिक नियम उल्लंघन गर्ने सवारी साधनमाथि गरिएको कारबाहीबाट १ करोड ३५ लाख ६७ हजार ५ सय १२ रुपैयाँ राजस्व संकलन भएको छ।



जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराका अनुसार एक वर्षको अवधिमा १५ हजार ६ सय ९३ वटा सवारीसाधन कारबाहीमा परेका छन्। ट्राफिक प्रहरीको वार्षिक तथ्यांकअनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा यस वर्ष नियम उल्लङ्घन गर्ने सवारीसाधनको संख्या र संकलित राजस्व दुवै घटेको छ।

आर्थिक वर्ष २०८१/८२ मा २३ हजार ४ सय २४ सवारीसाधन कारबाहीमा पर्दा २ करोड २ लाख ४२ हजार रुपैयाँ राजस्व संकलन भएको थियो।

यद्यपि, सवारी दुर्घटनाको अवस्था भने अझै चुनौतीपूर्ण रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराले जनाएको छ। गत आर्थिक वर्षमा जिल्लाका विभिन्न सडकमा १ हजार २ सय ११ वटा सवारी दुर्घटना भएका छन्। ती दुर्घटनामा ७९ जनाको मृत्यु भएको छ भने अघिल्लो वर्ष १ हजार १ सय ४७ दुर्घटनामा ९३ जनाले ज्यान गुमाएका थिए।

तथ्यांकले दुर्घटनाको संख्या बढे पनि मृत्यु हुनेको संख्या भने घटेको देखाएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी निरीक्षक हरि भट्टराईले सडकको कमजोर अवस्था, तीव्र गति, चालकको लापरवाही तथा ट्राफिक नियमको बेवास्ता दुर्घटनाका मुख्य कारण रहेको बताएका छन्।

उनका अनुसार नियमित सवारी जाँच, नियम उल्लङ्घन गर्ने चालकमाथि कडाइ र सडक सुरक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रमका कारण दुर्घटनाबाट हुने मानवीय क्षति घटाउन सहयोग पुगेको छ। प्रहरी निरीक्षक भट्टराईले दुर्घटना न्यूनीकरणलाई प्राथमिकतामा राख्दै आफू पनि छड्के अनुगमन र ट्राफिक जाँचमा सक्रियता जारी राखेको बताए।

उनले चालकहरूलाई सुरक्षित गति कायम राख्न, ट्राफिक नियमको पूर्ण पालना गर्न र जिम्मेवारीपूर्वक सवारी सञ्चालन गर्न आग्रह गर्दै सडक सुरक्षा अभिवृद्धिका लागि ट्राफिक अनुशासन र जनचेतनामूलक कार्यक्रमलाई थप प्रभावकारी बनाइने बताए।

# राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दै केन्द्रीय बैंकद्वारा भुक्तानी प्रणालीसम्बन्धी निर्देशिकामा संशोधन

काठमाण्डु। नेपाल राष्ट्र बैंकले भुक्तानी सेवा प्रदायक संस्थाहरूले 'वालेट' खोल्ने तथा प्रयोगकर्ताको विवरण अद्यावधिक गर्ने प्रक्रियामा राष्ट्रिय परिचयपत्रसम्बन्धी व्यवस्था समेट्दै भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशिका, २०८२ मा १५औँ संशोधन गरेको छ।

भुक्तानी प्रणाली विभागले शुक्रबार जारी गरेको परिपत्रअनुसार संशोधित व्यवस्थाबमोजिम अब भुक्तानी सेवा प्रदायकको अनुमतिप्राप्त संस्थाले नेपाली नागरिकका हकमा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखअनुसारको विवरणसमेत यकिन गरी वालेट खोल्नुपर्नेछ।

त्यस्तै, अनुमतिप्राप्त संस्थाले २०८३ असोज मसान्तभित्र मोबाइल 'एप्लिकेसन' वा अन्य उपयुक्त माध्यमबाट वालेट प्रयोगकर्ताको राष्ट्रिय परिचयपत्रको विवरण भए वा नभएको स्वघोषणा लिनुपर्ने व्यवस्था गरिएको छ।

निर्देशिकाअनुसार राष्ट्रिय परिचयपत्र लिएका नेपाली नागरिकले २०८३ असोज मसान्तभित्र आफ्नो वालेटमा राष्ट्रिय परिचयपत्र नम्बर अद्यावधिक गर्नुपर्नेछ। राष्ट्रिय परिचयपत्र नलिएका प्रयोगकर्तालाई भने परिचयपत्र लिएपछि विवरण अद्यावधिक गर्न प्रत्येक महिनासमेत जानकारी गराउने व्यवस्था गर्नुपर्ने उल्लेख छ।

विदेशमा बसोबास गर्ने नेपाली नागरिकले विदेशबाटै अनलाइनमार्फत आवश्यक कागजातका आधारमा विद्युतीय वालेट खोल्न सक्ने व्यवस्था यथावत् राखिएको छ। यस्ता प्रयोगकर्ताले नेपाल फर्किएको छ महिनाभित्र राष्ट्रिय परिचयपत्रको विवरण सम्बन्धित संस्थामा अद्यावधिक गर्नुपर्ने केन्द्रीय बैंकको भनाइ छ।

यसैगरी, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने अशक्त तथा असहाय नागरिकका हकमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरबाहेक अन्य आवश्यक कागजातका आधारमा समेत वालेट खोल्न र कारोबार गर्न सकिने व्यवस्था संशोधित निर्देशिकामा गरिएको छ। रासस

# राज्य नागरिकको पक्षमा हुनुपर्ने : कार्की



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले राज्य नागरिकको पक्षमा हुनुपर्ने बताएका छन् ।

बेलायत सरकारको आर्थिक सहयोगमा जिल्ला प्रहरी कार्यालय धनुषाको परिसरमा निर्माण सम्पन्न भएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र तथा प्रहरी आवासका लागि निर्मित भवनको शनिवार उद्घाटन गर्दै उनले लोकतन्त्रमा राज्य नागरिकको पक्षमा हुने अवस्था रहेको बताए ।

उनले लोकतन्त्र बोलेर वा हल्ला गरेर हुने कुरा नभई नागरिकले आफ्नो कर्म, पेशा र व्यवसायीमाथि गर्व गर्न सक्ने अवस्था रहेको बताए । मजदुरले मजदुरी गरेर जीवन निर्वाह गर्दा पनि खुसी हुनसक्ने र एउटा चिकित्सकले बिरामी जाँचेर पनि सोही खुसी अनुभूती गर्ने वातावरणलाई लोकतन्त्र मानिने प्रहरी महानिरीक्षक कार्कीको भनाई छ ।

उनले एकै ठाउँमा समान रुपमा हरेक पेशा, धर्म, जातजातीलाई सम्बोधन गर्न सकिने वातावरण निर्माण गर्न र सो वातावरण कायम राख्नु आम नागरिक र प्रहरीको जिम्मेवारी रहेकोमा जोड दिए । प्रहरी महानिरीक्षक कार्कीले कानुनी शासनमा बदमासहरु डराउनुपर्ने र सज्जनहरु भयरहित वातावरणमा हिँडडुल गर्न पाउनुपर्ने वातावरण निर्माण गर्न प्रहरी प्रशासनलाई निर्देशन दिए ।

प्रहरीलाई कुनै एक पक्ष वा चिनजान अथवा कसैको दबाबमा आएर अन्यायतर्फको झुकावमा नपर्न महानिरीक्षक कार्कीले आग्रह गरे । समाज र राष्ट्रमा सन्तुलन कायम राख्न सर्वसाधारण र प्रहरी प्रशासनलाई मिलेर अघि बढ्नुपर्नेमा उनले जोड दिए । नेपाल प्रहरीले सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने अभियानअन्तर्गत नागरिकले प्रहरी कार्यालयमा उपस्थित नभई आफ्ना गुनासा, सूचना तथा निवेदन अनलाइनमार्फत दर्ता गर्नसक्ने जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय धनुषामा ४ करोड ७१ लाख रुपैयाँको लगानिमा महिला बालबालिका तथा जेष्ठ नागरीक सेवा केन्द्र र प्रहरी आवास भवनका साथै सोलार लाईट जडान गरिएको छ । प्रहरी महानिरीक्षक कार्कीले उद्घाटन गरेको भवनमा परामर्श कक्ष, पीडित कक्ष, बालबालिका कक्ष रहेको छ ।

नेपाल प्रहरी मधेश प्रदेशका प्रमुख प्रहरी नायव महानिरीक्षक ओमप्रसाद अधिकारीले मधेस प्रदेशमा मुख्य सुरक्षा चुनौतीको रूपमा देखिएको लागुऔषध सेवन र कारोबारीलाई तोड्न प्रहरी सक्रियताका साथ लागेकाले यसमा नागरिकको पनि साथ र सहयोग आवश्यकता औंल्याए ।

# तत्कालका लागि स्थगित पोखरी अतिक्रमणमुक्त अभियान

गुठी संस्थानले अद्यावधिक अध्ययन नगरी भोजराज घिमिरेको २०६२ सालको प्रतिवेदनका आधारमा सूचना जारी गरेको हो भन्ने आशंका बलियो बनाएको छ । स्थानीय सरोकारवालाहरुका अनुसार २० वर्षअघिको तथ्यांकका आधारमा वर्तमान अवस्थाको मूल्यांकन गर्न खोज्नु प्रभावकारी संरक्षण अभियानभन्दा पनि औपचारिक प्रक्रिया पूरा गर्ने प्रयास जस्तो रहेको आवाज उठन थालेको छ ।

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामस्थित गुठी संस्थानले राजगुठी अन्तर्गतका सात वटा पोखरीको अतिक्रमित जग्गा खाली गराउन भन्दै सार्वजनिक गरिएको सूचना अनुसारको अभियान तत्कालका लागि अघि सरेको छ ।



सूचना सार्वजनिक भए लगतै जनकपुरधाममा अफरातफरीको महौल उत्पन्न भएको थियो । सात नपुग्दै गुठी संस्थानमा प्रशासक परिवर्तन र अन्य पोखरी समेतलाई समेटेर अभियान अघि बढाउने कुरा आएपछि तत्कालका लागि अनौपचारिका रुपमा अतिक्रमणमुक्त अभियान स्थगित गरिएको बुझिएको छ ।

गुठी संस्थान जनकपुरका प्रमुख किशोर कुमार झाले भने एक साताअघि गुठीको जग्गा अतिक्रमण मुक्त पार्ने अभियान अन्तर्गत पहिलो चरणमा पोखरी अतिक्रमण उद्देश्यले केही सिमित पोखरी बारे सूचना प्रकाशन गरिएको थियो । तर अभियान संचालन नहुँदै गुठी प्रशासक नै परिवर्तन भएपछि व्यवस्थापकीय कुरा केही समय लाग्ने भएकाले सबै कुरा बुझेर अघि बढने उद्देश्यले तत्कालका लागि केन्द्रमा स्थगित गरिएको बुझिएको उनले बताए ।

गुठी संस्थानका अनुसार समिति गठन गरिएको बेला ध्रुव घिमिरे प्रशासक थिए । र अहिले उहाँको ठाउँमा नयाँ प्रशासक भएर शैलेशराज कुँवर आएका छन् । उहाँ आएपछि के कस्तो पोखरीको अवस्था बारे अध्ययन गरी मात्रै नयाँ सूचना प्रकाशन गरी बढीभन्दाबढी पोखरी समावेश गरिनेछ ।

उनले भने शुरुमा सातवटा पोखरीलाई मात्रै आधार मानेर अतिक्रमणमुक्त अभियान संचालन गर्न खोज्दा धेरै टिकाटिप्पणी हुन थालेपछि पहिलो चरणमा सात वटा मात्रै नभई दुई चरणमा गरी कम्तिमा कुल पोखरीको ५० प्रतिशत पोखरीलाई अभियान संचालन गर्न कुरा आएपछि पनि तत्कालका लागि अभियान रोकिएको हो । अब नयाँ सूचना जारी भएपछि अभियान शुरु हुनेछ ।

संस्थानले एक साताअघि विषहारा पोखरी, दशरथ तलाउ, अरगजा सर, रत्न सागर पोखरी, मुरली सर, दिर्घिका सर र गोडधोई पोखरीको नाम उल्लेख गर्दै सात दिनभित्र अतिक्रमित जग्गा खाली गर्न भनेको थियो । अन्यथा कानुनबमोजिम कारबाही गरिने सूचनामा उल्लेख गरेको थियो । तर स्थलगत अवस्थाले भने सूचनामा समेटिएका अधिकांश पोखरीको अहिले वास्तविकता फरक रहेको छ ।

हालको अवस्थामा दशरथ तलाउ, अरगजा सर तथा रत्न सागर पोखरी मुख्य रूपमा अतिक्रमणमुक्त देखिन्छन् । गोडधोई पोखरीको केही भाग उत्तर साइड र केही पुर्वसाइड अतिक्रमण भएको देखिन्छ भने विषहारा पोखरीको पूर्वी भागमा मात्र अतिक्रमण रहेको छ । मुरली सर दिर्घिका सरको भने लगभग पूर्ण रूपमा अतिक्रमणको चपेटामा परेको छ ।

यसले गुठी संस्थानले अद्यावधिक अध्ययन नगरी भोजराज घिमिरेको २०६२ सालको प्रतिवेदनका आधारमा सूचना जारी गरेको हो भन्ने आशंका बलियो बनाएको छ । स्थानीय सरोकारवालाहरूका अनुसार २० वर्षअघिको तथ्यांकका आधारमा वर्तमान अवस्थाको मूल्यांकन गर्न खोज्नु प्रभावकारी संरक्षण अभियानभन्दा पनि औपचारिक प्रक्रिया पूरा गर्ने प्रयास जस्तो रहेको आवाज उठन थालेको छ ।

सबैभन्दा गम्भीर प्रश्न भने, पूर्ण रूपमा अतिक्रमणमा परिसकेका वा अस्तित्व नै गुमाइसकेका पोखरीतर्फ संस्थानको ध्यान किन पुगेन भन्ने हो। जनकपुरधाम उपमहानगरपालिका आसपासका रामसरसहितका धेरै पोखरी अहिले पूर्ण रूपमा अतिक्रमणमा छन् ।

जनक सरोवर, अमृत कुण्ड, गोपाल सर, पयस्वनी पोखरी र बलदेव सरसहितका पाँच वटा ऐतिहासिक पोखरी त पुरिएर पूर्ण रूपमा लोप भइसकेका छन् । ती स्थानमा पोखरी पुरेर बस्ती, होटल, निजी अस्पताल, कलेज तथा व्यापारिक भवन निर्माण भइसकेका छन् । तर यस्ता संवेदनशील विषयमा संस्थानले अहिलेसम्म कुनै ठोस कानुनी वा प्रशासनिक पहल अघि बढाउन सकेको छैन ।

स्थानीयहरूका अनुसार वास्तविक अतिक्रमण हटाउनेभन्दा पनि सहज र विवादरहित क्षेत्रलाई प्राथमिकतामा राखेर अभियान सञ्चालन गर्दा संरक्षणको उद्देश्य नै कमजोर बन्ने खतरा बढेको छ ।

## पोखरीको अवस्था

कारवाही गरिने सूचनामा भनिएको पोखरीको प्रतिवेदनमा अतिक्रण भनिएको उपमहानगरपालिकासँगै टाँसिएका दिर्घिका साबिक नक्सा अनुसार ३ विघा ४ कट्ठा १८ धुर ३ कनमा रहेकोमा प्रतिवेदन तयार पर्दासम्म ३ विघा १ कट्ठा १ धुरमा समिति भइसकेको छ । हाल यसभन्दा पनि बढी अतिक्रमण भइसकेको छ । दक्षिणतिरबाट मोनास्टिक स्कूल अन्य व्यक्ति र उत्तरतिरबाट उपमहानगरपालिकाले अतिक्रमण गरेका छन् ।

मुरली सर साबिक नक्सा अनुसार १३ कट्ठा १ धुर २ कनमा क्षेत्रफलमा रहेको ती पोखरी अहिले ११ कट्ठा १५ धुरमा प्रतिवेदन तयार पार्दासम्म देखिएको थियो । तर अहिले यो भन्दा पनि कम क्षेत्रफलमा सिमित भइसकेको छ ।

४ विघा २ कट्ठा ६ धुर ३ क्षेत्रफलमा फैलिएको विषहारा पोखरीको पूर्वपट्टीको भाग अतिक्रमणको चपेटामा हाल रहेको छ । यहाँनेर पिराडी चोक र पेठियाको दक्षिणतिर गरी गोडधोई पोखरी दुई/दुई वटा भएको कारण कुन पोखरी बारे सूचनामा भनिएको हो भन्ने अन्यौलता श्रृजना भएको छ । हुनत पेठिया बजार नजिकको गोडधोई पोखरी पुर्ण रुपमा अतिक्रमणको चेपटामा परेको छ भने पिराडी चोकको गोडधोई पोखरीको पुर्वपट्टी र उत्तर साइडमा केही भाग अतिक्रमणको चपेटामा परेको हो ।

रत्न सागर पोखरी प्रतिवेदन अनुसार दुई विघा १६ कट्ठा ३ कनमा क्षेत्रफलमा फैलिएको हो । यसको कुनैपनि साइडमा अतिक्रमण भनिएको छैन । तर पनि सूचनाको अतिक्रमण भन्ने सूचीमा राखिएको छ । जानकी मन्दिर पछाडि पेठिया बजार जाने बाटोमा रहेको दशरथ तलाउ पोखरी बारे प्रतिवेदनमा अतिक्रमण भनिएको छ । तर वर्तमान अवस्थामा ती पोखरीलाई सौन्दर्यकरणको नाममा घाटहरु निर्माण गरी खुम्चाइएको छ ।

# वीरगञ्ज र भगवानपुर अस्पतालको अवस्था तनावग्रस्त

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जस्थित नारायणी अस्पताल र सिरहाको भगवानपुरस्थित स्वास्थ्य चौकीमा बिामीको मृत्युपछि अवस्था तनावग्रस्त बनेको छ ।




वीरगञ्जस्थित नारायणी अस्पतालमा उपचारका क्रममा वीरगञ्ज महानगरपालिका-२५ का ४५ वर्षीय राजकुमार पटेलको शनिबार उपचारकै क्रममा मृत्यु भएपछि उनका आफन्त र स्थानीयले आकस्मिक कक्षमा तोडफोड गरेका छन् ।

आक्रोशित आफन्त र स्थानीयले बिहान करिब ११ बजे अस्पतालको आकस्मिक कक्षमा प्रवेश गरी होहल्ला गर्दै तोडफोड गरेका हुन् । मृतकका आफन्तले चिकित्सकको लापरबाहीका कारण पटेलको मृत्यु भएको आरोप लगाउँदै अस्पताल परिसरमा विरोध प्रदर्शन गरेका थिए । प्रदर्शनका क्रममा आकस्मिक कक्षमा क्षति पुगेको र एक जना घाइते भएको प्रत्यक्षदर्शीले बताएका छन् ।

घटनापछि अस्पताल परिसर केही समय तनावग्रस्त बनेको थियो। अवस्था नियन्त्रणमा लिन अस्पताल परिसरमा ठूलो संख्यामा प्रहरी परिचालन गरिएको छ । वडा प्रहरी कार्यालयका प्रमुख विक्रम सुवेदीका अनुसार उपचारका लागि अस्पताल ल्याइएका पटेलको मृत्युको कारणबारे यकिन जानकारी प्राप्त भइसकेको छैन ।

यस्तै सिरहाको भगवानपुर गाउँपालिका तनावग्रस्त बनेको छ । उपचारमा ढिलाइ भएको तथा एम्बुलेन्स समयमै उपलब्ध नगराइएको आरोप लगाउँदै आक्रोशित स्थानीयले स्वास्थ्य केन्द्रमा तोडफोड गर्नुका साथै हुलाकी सडक अवरुद्ध गरेका छन् ।

भगवानपुर गाउँपालिका-४, कल्याणपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारका लागि ल्याइएका सप्तरीको बलान बिहुल गाउँपालिकाका अरुण मण्डलका छोरा रोशन मण्डललाई समयमै थप उपचारका लागि रिफर गर्न नसकिएको स्थानीयले आरोप लगाएका छन् ।

स्थानीयका अनुसार, एम्बुलेन्स चालकले गाउँपालिका अध्यक्ष उग्र नारायण यादवको अनुमति बिना एम्बुलेन्स सञ्चालन गर्न नमिल्ने बताएपछि उपचारमा ढिलाइ भएको र बाटोमै मृत्यु भएको आफन्तहरूको दाबी छ ।

घटनापछि आक्रोशित स्थानीयले स्वास्थ्य केन्द्रमा तोडफोड गरेका छन् भने हुलाकी सडकमा टायर र दाउरा बालेर अवरुद्ध गरेका छन् । सडक अवरुद्ध हुँदा यातायात सेवा पूर्ण रूपमा प्रभावित भएको छ ।

स्थानीयका अनुसार, बिहान ११ बजे गाउँपालिका अध्यक्षसँग वार्ता गर्ने सहमति भए पनि अध्यक्ष वार्तास्थलमा नपुगेपछि आन्दोलन थप चर्किएको हो । आन्दोलनका अगुवा प्रविन्द यादव र इन्दल मण्डलले अध्यक्ष वार्तामा नआएको भन्दै असन्तुष्टि जनाएका छन् ।

स्थिति नियन्त्रणमा लिन घटनास्थलमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरिएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका डीएसपी रमेश बहादुर पालले घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिए ।

# भन्सार छलीका २१ लाख बढीको सामान बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । अवैध रूपमा भारतबाट भन्सार छली नेपाल ल्याइदै गरेको २१ लाख ३९ हजार ६ सय ५५ रुपैयाँ बराबरका ई-लोडर, मोटरसाइकल, साइकल तथा विभिन्न सामान बरामद गरिएको छ ।

वीरगन्ज महानगरपालिका-१७ अलौस्थित सीमा सुरक्षा गुल्मबाट खटिएको मोबाइल टोलीले प्रदेश २-०३-००१ स ६०९७ नम्बरको ई-लोडरमा ल्याइँदै गरेको १२ लाख ७५ हजार रुपैयाँ बराबरको ८ कार्टुन भिटामिन औषधि बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल नं १३ गण मुख्यालय पर्साले जनाएको छ ।

सोही क्रममा ना २६ प २०१८ नम्बरको मोटरसाइकलमा ल्याइँदै गरेको ३१ हजार ९१५ रुपैयाँ बराबरको किराना पसलका सामानसमेत नियन्त्रणमा लिइएको थियो । बरामद गरिएको ई-लोडरको मूल्य ४ लाख रुपैयाँ र मोटरसाइकलको मूल्य २ लाख रुपैयाँ रहेको प्रहरीले जनाएको छ ।


यसरी सवारी साधनसहित उक्त कारबाहीमा १९ लाख ६ हजार ९१५ रुपैयाँ बराबरको सामान बरामद भएको छ । सबै सामान वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको छ । शुक्रबाबर नै वीरगन्ज-१६ स्थित भन्सार मेनगेटमा जाँचका क्रममा विभिन्न सवारी साधनबाट भारतबाट ल्याइँदै गरेको १ लाख ४५ हजार ४ सय रुपैयाँ बराबरका बिल बिजकविहीन विभिन्न ब्रान्डका कपडा, स्टेशनरी तथा हार्मोनियम बरामद गरी भन्सार कार्यालय पठाइएको जनाइएको छ ।

त्यस्तै, बिन्दवासिनी गाउँपालिका-३ झौवागुठीस्थित बीओपी अमरपट्टीबाट खटिएको टोलीले ४ वटा साइकलमा ल्याइँदै गरेको ४७ हजार २ सय रुपैयाँ बराबरका मोटर पार्ट्स, कपडा र किराना सामान तथा ८ हजार रुपैयाँ मूल्यका साइकलसहित ५५ हजार २ सय रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिइएको बताइएको छ ।










जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८